# संघीय संसद
# प्रतिनिधि सभा
### छैटौं अधिवेशन
### बैठक संख्या - २४
### सूचनापत्र - २
### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७७ साल असार ४ गते बिहीबार**

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री तेजुलाल चौधरी
४. मा० श्री थममाया थापा
५. मा० श्री दलबहादुर राना
६. मा० श्री दामोदर भण्डारी
७. मा० श्री दिल कुमारी
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दिपकप्रकाश भट्ट
१०. मा० श्री दुर्गबहादुर रावत
११. मा० श्री देवप्रसाद गुरुङ्ग
१२. मा० श्री धर्माशिला चापागाई
१३. मा० श्री नरमाया ढकाल
१४. मा० श्री नारदमुनी राना
१५. मा० श्री नारायणप्रसाद खतिवडा
१६. मा० श्री निरु देवी पाल
१७. मा० श्री पवित्रा निरौला (खरेल)
१८. मा० श्री पार्वता डि.सी. (चौधरी)
१९. मा० श्री पूर्णकुमारी सुवेदी
२०. मा० श्री प्रभु साह
२१. मा० श्री प्रमिला राई
२२. मा० श्री प्रेमप्रसाद तुलाचन
२३. मा० श्री प्रेम सुवाल
२४. मा० श्री बालकृष्ण खांण

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
३. मा० श्री चन्दा चौधरी
४. मा० श्री रामबाबु कुमार यादव
५. मा० श्री हितबहादुर तामाङ्ग
६. मा० श्री पुष्पा भुसाल (गौतम)
७. मा० श्री रेनुका गुरुङ्ग
८. मा० श्री रेखा कुमारी
९. मा० श्री सिताराम महतो
१०. मा० श्री रेखा शर्मा
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री बृजेश कुमार गुप्त
१३. मा० श्री लिलानाथ श्रेष्ठ
१४. मा० श्री झपटबहादुर रावल

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५” र “बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५” र राष्ट्रिय सभामा उत्पत्ति भएको “नीति अनुष्ठान प्रतिष्ठान विधेयक, २०७६” का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देशहरु टेबुल गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७” संशोधन विना राष्ट्रिय सभाबाट पारित भएको सन्देशको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले “महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७५/०७६” पेश गर्नुभयो ।

तत्पश्चात राज्यव्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७” पेश गर्नुभयो ।

त्यसपछि विकास तथा प्रविधि समितिका मा० सभापति श्री कल्याणी कुमारी खड्काले “खानेपानी तथा सरसफाइ विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०७७" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री राजेन्द्र कुमार के.सी. र मा० श्री प्रेम सुवालबाट विरोधको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री राजेन्द्र कुमार के.सी. र मा० श्री प्रेम सुवालले क्रमशः उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री राजेन्द्र कुमार के.सी. र मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०७७" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "निकासी पैठारी (नियमन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले "निकासी पैठारी (नियमन) विधेयक, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले "प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७७ साल असार ९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव